स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-३ | २०८२ साउन १९ , सोमवार | August - 4 , 2025 | मुल्य रु.- १० । | janatapatra.com

## १४ वर्षपछि बाबुआमा भेटेकी स्वस्तिकाको कथा: सामाजिक अभियन्ताको समर्पणले पूरा भयो नागरिकताको सपना



**यो कथा सामाजिक सञ्जालमा व्यापक रूपमा भाइरल भएपछि देशभरबाट स्वस्तिका प्रति सहानुभूति र सहयोगका हातहरू बढ्न थाले। उनको जीवनकथा सुन्दा धेरैलाई मानवताको सदेश पनि प्राप्त भयो। कठिनाइ र विपत्तिका बाबजुद पनि सामाजिक अभियन्ता र सहयोगीहरूको समर्पणले एउटा बालिका जीवनमा उज्यालो फुलेको छ।**

जनतापत्र, चौतारा

सिन्धुपाल्चोककी स्वस्तिका केसीको कथा मान्छेको मन छुँने गरी भावुक र प्रेरणादायी छ। १४ वर्ष अघि उनी सडकमा अलपत्र परेकी थिइन् र कुनै संरक्षकको संरक्षणमा हुर्किएकी उनी अहिले कक्षा १२ मा अध्ययनरत १८ वर्षीया युवती बनेकी छन्। बाल्यकालमै उनले ठूलो कठिनाइ भोगिन्, तर सामाजिक अभियन्ता अर्जुन भुसालको प्रयास र समर्पणले उनलाई आफ्ना बाबुआमा भेटाउन र नागरिकता पाउन सहयोग गर्‍यो।

स्वस्तिकाको जिन्दगीमा सबैभन्दा ठूलो धक्का तब आयो जब उनी ६ वर्षको उमेरमा बाबु–आमाबाट सडकमै छोडिइन्। उनका बाबु विष्णु केसीले उनलाई १४ वर्षअघि धुलिखेल नगरपालिका–७ मा एउटा सडकमा छोडेर गएको थियो भने उनकी आमा मञ्जु केसी केही वर्षअघि नै बितिसकेको थिइन्। त्यसपछि स्वस्तिका सिद्धार्थ बालगृहमा १२ वर्षदेखि शर्मिला श्रेष्ठको संरक्षणमा हुर्किएकी थिइन्। तर उनले आफ्नो बाबु–आमालाई भेट्ने आश कहिल्यै नछाडिन्।

नागरिकता नहुँदा स्वस्तिका जीवनका विभिन्न पक्षहरूमा समस्या भोगिरहेकी थिइन्। उनको नागरिकता बनाउनु नै उनको सबैभन्दा ठूलो चाहना थियो। त्यसैले परिवार खोज्न धेरै प्रयास गरियो, तर प्रारम्भिक चरणमा त्यो सम्भव भएन। बालगृहकी सञ्चालिका शर्मिला श्रेष्ठले पनि लामो समयसम्म परिवार खोज्ने प्रयास गरिन्, तर कुनै सफलता नपाएपछि उनले सामाजिक अभियन्ता अर्जुन भुसाललाई यो जिम्मा सुम्पिइन्।

अर्जुन भुसालले स्वस्तिकाको कथा समेटिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेपछि उनको खोजीमा ठुलो मोड आयो। उक्त भिडियो भाइरल भएपछि स्वस्तिकाकी आमा मञ्जु केसीले चितवनबाट

पेज नं ४

## मेलम्चीमा विद्युत संकटप्रति एमालेको ध्यानाकर्षण, नयाँ सब–स्टेशन र मर्मतको माग

जनतापत्र, मेलम्ची

सिन्धुपाल्चोकको मेलम्ची क्षेत्रमा विगत केही समयदेखि बारम्बार विद्युत अवरोध हुन थालेपछि यहाँका बासिन्दाहरू ठूलो असुविधामा परेका छन्। दैनिक जीवनका अत्यावश्यक कामहरूमा विद्युतको नियमित आपूर्तिको अभावले जनजीवन प्रभावित भएको छ। यसै विषयमा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य शेरबहादुर तामाङको नेतृत्वमा एउटा प्रतिनिधिमण्डलले नेपाल विद्युत प्राधिकरणका कार्यकारी प्रमुखलाई विद्युत संकट सम्बन्धी गम्भीर ध्यानाकर्षण पत्र बुझाएको छ।

प्रतिनिधिमण्डलले बुझाएको ध्यानाकर्षण पत्रमा मेलम्ची क्षेत्रसहित वरपरका स्थानहरूमा बारम्बार हुने विद्युत अवरोधका कारण स्थानीय नागरिकले भोगिरहेको गम्भीर समस्या र असुविधाको व्यहोरा स्पष्ट गरिएको छ। विद्युतको अनियमित आपूर्तिका कारण दैनिक जीवन मात्र नभई व्यापारिक, शैक्षिक र स्वास्थ्य सेवा समेत प्रभावित भइरहेकाले तत्काल यस समस्याको समाधान आवश्यक रहेको पत्रमा जोड दिइएको छ।

पत्रमा मेलम्चीमा नयाँ सब–स्टेशनको निर्माणको अत्यावश्यकता औँल्याइएको छ। वर्तमान सब–स्टेशनले तीव्र रूपमा बढिरहेको विद्युत मागलाई सम्हाल्न असमर्थ हुँदै आएकोले थप सब–स्टेशन आवश्यक रहेको तथ्य प्रतिनिधिमण्डलले प्राधिकरणसमक्ष राखेको छ। यसले विद्युत आपूर्तिको स्थिरता र भरपर्दोपनालाई थप बलियो बनाउनेछ।

त्यसैगरी, तिपेनी सब–स्टेशनको [illegible]ुत मर्मतसम्भार गर्नुपर्ने माग पनि यस ध्यानाकर्षण पत्रमा समावेश छ। वर्तमान सब–स्टेशनमा देखिएका समस्या र प्राविधिक कमजोरीहरूले बारम्बार विद्युत अवरोध उत्पन्न गरिरहेको हुँदा तत्काल मर्मत सम्भार गरी नियमित र विश्वासिलो विद्युत आपूर्ति

पेज नं ४

## सीडीओ थापाको एक वर्ष नपुग्दै सरुवा



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लामा भ्रष्टाचार मुद्दामा अड्किएका निलम्बित सांसद मोहन बहादुर बस्नेतलाई सार्वजनिक कार्यक्रममा 'रातो कार्पेट' बिछ्याएर प्रमुख अतिथिको रूपमा सम्मान गरेपछि यहाँका प्रमुख जिल्ला अधिकारी (सीडीओ) किरण थापाले आफूमाथि आएको विरोध र विवादका कारण एक वर्ष नपुग्दै सरूवा भोग्नुपरेको छ।

गत वर्ष भदौ ३० मा सिन्धुपाल्चोकको सीडीओको जिम्मेवारी सम्हालेका किरण थापाले यही वर्षको असार ३२ गते आयोजना गरिएको अरनिको राजमार्गमा बाढीपहिरोबाट हुनसक्ने सम्भावित क्षतिका विषयमा छलफल कार्यक्रमको दौरान सांसद बस्नेतलाई अत्यन्तै औपचारिक रूपमा सम्मान गरिएको थियो। त्यही बेला उनले

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेस्क
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

# कोदो दिवस र हाम्रो भविष्य

नेपालको रैथाने बाली कोदोलाई सम्मान र संरक्षण गर्ने उद्देश्यले पहिलोपटक मनाइएकोराष्ट्रिय कोदो दिवस सराहनीय छ। पहिले गरिबको खाना भनेर हेपिएको कोदो आज सुपरसहितको स्वस्थ जीवनशैलीको आधार बन्न थालेको छ। स्वास्थ्यप्रद र पोषणयुक्त गुणका कारण यसको माग त बढ्दो छ, तर उत्पादन भने घट्दो छ। खेतीयोग्य जमिन बाँझिँदै जानु, किसानको आकर्षण घट्नु र आयातमा निर्भरता बढ्नु चिन्ताको विषय हो। राज्य, निजी क्षेत्र र सहकारी मिलेर वैज्ञानिक विधिमा आधारित उत्पादन र बजारीकरणमा जोड दिन जरुरी छ। कोदो जोगाउनु भनेको हाम्रो कृषि, स्वास्थ्य र संस्कृतिको संरक्षण हो।

स्मार्ट फुड को रुपमा कोदोको प्रवर्द्धनले खाद्य सुरक्षा र दीगो विकासमा टेवा पुऱ्याउने निश्चित छ।

विचारपत्र

# छलफलको नयाँ संस्कार सिकाउँदै खाट विधि

दिपकराज भट्ट अधिवक्ता

बाल्यकालदेखि कानमा गुन्जिरहने "भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, र यो कुरा सिधै वैकुण्ठ जाला" भन्ने यो उखान आज पनि उतिकै सान्दर्भिक लाग्छ। यसले सुन्ने कुरा कति महत्त्वपूर्ण छ भन्ने स्पष्ट पार्छ। धेरै ठाउँमा गइयो, धेरै छलफलमा भाग लिइयो, तर बारम्बार यही प्रश्नले सताइरहन्छ, के हामी साँच्चिकै सुन्छौं तरु कि सुनाउने मात्रै गर्छौं ?

यथार्थमा हेर्ने हो भने आजको व्यस्त जीवनशैलीमा कसैसँग पनि अर्काको कुरा सुन्ने फुर्सद छैन। धेरैजसो भेला, सभा, छलफलमा हामी सुनाउने मात्र भइदिन्छौं। अधिकांश समय, हामी आफ्ना कुरा राख्ने र हिँडिहाल्ने गर्छौं। सुन्ने मनस्थितिमा पुग्न सकेकै हुँदैनौ।मानिसमा अरुको कुरा सुन्न होइन, आफ्नै कुरा कसरी अगाडि ल्याउने भन्ने प्रतिस्पर्धा गरेको देखिन्छ। अझ भनौं, सुन्ने चासो देखाउनेहरु पनि धेरैजसो आफनो पालो पर्खिरहेका हुन्छन्, "सुन्न होइन, बोल्नका लागि"। यो प्रवृत्ति विशेष गरी ठुला भनिएका व्यक्तिहरुमा बढी देखिन्छ।बोल्न त सबैले सिकाए, तर सुन्न कसैले सिकाएनन्। अरुका कुरा सुनेर यथार्थ पत्ता लाग्छ भन्ने कुरालाई मानिसहरुले खासै महत्व दिएको देखिँदैन। "कमजोर मात्र सुन्छन्, बलियोले त सुनाउने हो" भन्ने मानसिकताले गर्दा छलफलहरुले सही गन्तव्य पाउन नसकेका थुप्रै उदाहरणहरु छन्।

म, माथिल्लो तहदेखि तल्लो तहसम्मका धेरै भेला र बैठकहरुमा सहभागी भएको छु। तीमध्ये धेरैजसोमा उही पुरानो ढाँचा र प्रवृत्ति देखिन्छ। तर, बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका वडा नं। ५ गौरी गाउँमा भइरहेको एउटा छलफलले मलाई साँच्चै चकित बनायो।

हामीलाई थोरै संख्याका मानिसहरुको भेला व्यवस्थापन गर्नसमेत कठिन पर्छ। तर त्यहाँ ठुलै सत्यामा मानिसहरु भेला भएर सामुदायिक वनको सिमाना विवाद समाधानका लागि छलफलमा जुटेका थिए। करिब १९ वर्षदेखि रामकुटी सामुदायिक वन र सुनखोली सामुदायिक वनका उपभोक्ताबिच सिमानालाई लिएर द्वन्द्व चलिरहेको थियो।

गाउँको मुटुमा काँडा बनेर गाडिएको यस विवाद समाधानका लागि पटक पटक डिभिजन वन कार्यालय, सब डिभिजन कार्यालय र स्थानीय न्यायिक समिति सक्रिय भए। तर समाधान आएन। यथास्थितिमा गाउँ अझै चिच्याइरह्यो। समुदाय निराश बन्दै गयो। गाउँका अगुवाहरु पनि निष्क्रिय भए।

यही क्रममा न्यायिक समितिको सिफारिसमा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपाल (एनआरसिटीसी) ले माकुरा समूह मार्फत यस द्वन्द्वमा सहजीकरणको सुरुवात गऱ्यो। सबै सरोकारवालालाई समेटेर छलफलको नयाँ ढोका खोल्यो। एक यस्तो ढोका, जहाँ सबैले आफ्नो ठाउँ पाउँथे, सुनिन्थे, र सुन्थे।

माकुरा समूहले प्रक्रियागत छलफलका क्रममा दुई समुदायबिच चलिरहेको विवादमा साझा विकल्पमा छलफल र सहमति पारितका लागि यस संयुक्त बैठकको आयोजना गरेको थियो। थुप्रै मानिस भेला भएको बैठक सौहार्दपूर्ण वातावरणमा चलिरहेको थियो। होहल्ला वा गालीगलौजको कुनै गुञ्जायश थिएन। सबैलाई समान व्यवहार र अवसर सिर्जना गरिएको थियो। सबैले सबैका कुरा सुन्ने र आफना कुरा राख्ने वातावरणको सुनिश्चितता थियो।

**बैठक सञ्चालनको तरिका थियो, "खाट विधि"।**

सुन्दा अचम्म लाग्न सक्छ । "खाट" भनेको त सुत्ने ठाउँ होइन र ? तर यहाँ



खाट, छलफलको मर्यादा, अनुशासन र समानताको प्रतीक बनेको थियो। विगतका ठुला भेलाहरु सञ्चालनको तुलनामा यो विधि आफनै विशिष्टता र सबैलाई समान व्यवहार गर्ने पद्धतिका कारण महत्त्वपूर्ण लाग्यो। यस संयुक्त भेलामा द्वन्द्वरत पक्षहरु, सरोकारवाला निकायहरु र सञ्चालनकर्ता सबैका अगाडी एउटा-एउटा खाटको व्यवस्था गरिएको थियो।बैठकको सुरुमा हरेक पक्ष र सरोकारवाला निकायबाट वक्ताको रुपमा दुई-दुई जनालाई खाटमा बस्न लगाइयो। साथै, उक्त पक्षका अरु सबै व्यक्ति खाटको पछाडिपट्टि लामबद्ध रुपमा बसे। छलफलका क्रममा आफ्ना कुराहरु राख्न पाउने नियम पनि गज्जबको थियो।

**"खाटमा बसेकाले मात्र बोल्न पाउने।"**

छलफलका क्रममा खाटको पछाडि बसेका व्यक्तिलाई पनि कुरा राख्न मन लागेमा खाटमा बसेको व्यक्ति पछाडि जाने र ऊ खाटमा आएर मात्र बोल्न पाउँथ्यो। खाटमा नबसीकन कसैले पनि बोल्न पाउँदैनथे।

बैठक सञ्चालन प्रक्रियाको जानकारी पहिले नै समुदाय र सरोकारवालाहरुलाई गराइएको रहेछ। जसले गर्दा उनीहरु मानसिक रुपमा तयार भएर आएका थिए । माकुरा समूहले बैठकको व्यवस्थापन गर्दा व्यवहारिक पक्षलाई ठुलो ध्यान दिएको थियो। माकुरा समूहका सदस्य भन्दै थिए, "हामी यस प्रकारको बैठकमा बसाइको व्यवस्था मिलाउँदा जाडो महिना छ भने सबैलाई घाम लाग्ने गरी र गर्मी महिना छ भने सबैलाई शीतल हुने गरी मिलाउँछौं। होइन भने त पक्षपात गरेको जस्तो भइहाल्छ नि।"यस छलफलमा सबैले एक अर्काको कुरा सुने। धामपुर र चिल्हरियाका गाउँलेहरुले आफ्ना भावनाहरु खुलेर राखे। स्थानीय अगुवा बरु राम थारु विगत सम्फँदै भन्नुहुन्छ, "पहिला माथिबाट निर्णय आउने र तल थोपारिन्थ्यो। माथिबाट थोपरिएका निर्णयहरु गाउँलेले मान्थेनन्। छलफलहरु कार्यालयका चार दिवालमा सीमित थिए।"

उहाँ थप्नुहुन्छ, "तर अहिले अवस्था फरक छ। जसको समस्या हो उसैसँग छलफल गरिँदैछ। सबैका लागि एउटै नियम, एउटै स्थान, एउटै अवसर प्रदान गरिएको छ। सबैलाई एउटै स्तरमा राख्ने यस विधिले "हामी सबै बराबरी हौं" भन्ने अनुभूति जगाएको छ। सही अर्थमा सहभागितामूलक लोकतन्त्रको आधार भनेको यही हो जस्तो महसुस भएको छ।"

जतिखेर जहाँबाट जे पनि बोल्ने परिपाटीलाई यस विधिले नियन्त्रण

बाकी पेज नं ८ मा

# धुरीमा पुगेपछि बलेनीमा झर्न मिल्दैन र ?

कृष्ण गौतम



धुरी चढेपछि बलेनीमा झर्न मिल्दैन र ? यो प्रश्न अहिलेको नेपाली राजनीतिमा घनघोर बहसको विषय बनेको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा पुनः प्रवेशको संकेत गरेपछि चिया पसलदेखि तारे होटलसम्म र चौतारी देखि सिंहदरबारसम्म यो प्रश्नको चर्को प्रतिध्वनि सुनिन थालेको छ । यसले देशको राजनीतिक वृत्तमा नयाँ तरङ्ग ल्याएको छ ।

यस विषयमा नेकपा एमालेले कडा प्रतिक्रिया जनाउँदै विद्या भण्डारीको पार्टी सदस्यता खारेज मात्र गरेन, उनका पक्षमा उभिने सम्भावित नेताहरूलाई चेतावनी दिन २१ सदस्यीय पदाधिकारी संख्यालाई महाधिवेशन अगावै वरिष्ठ उपाध्यक्षसहित ७ पद खारेज गरी १५ सदस्यीयमा झारेको छ । नयाँ राजनीतिक घटनाक्रम नभएसम्म यो विषयले केही दिन राजनीतिक बजारलाई तताइरहने देखिन्छ ।

यसअघि पूर्व उपराष्ट्रपति नन्दबहादुर पुन पनि सक्रिय राजनीतिमा फर्किसकेका छन् । तर, उनको सक्रियताले खासै ठूलो हलचल ल्याएन, बरु उनकै पार्टी र सामाजिक सञ्जालमा मात्र सीमित रह्यो । अहिले माओवादी केन्द्रभित्र यसै विषयका कारण आन्तरिक सङ्घर्ष चुलिएको सहजै अनुमान गर्न सकिन्छ । जसले पार्टीभित्र ठूलै हलचल ल्याउने सङ्केत देखिएको छ ।

**पद र प्रतिष्ठाको नेपाली सरोकार**

नेपाली समाजमा पदलाई प्रतिष्ठासँग, प्रतिष्ठालाई अमरत्वसँग र देवत्व प्राप्तिको माध्यमका रूपमा बुझिन्छ । विशेषगरी नेपालका कम्युनिष्ट पार्टीहरूमा एकपटक उच्च पदमा पुगेपछि जीवनभर पद नछोड्ने प्रवृत्ति हावी छ भन्दा फरक नपर्ला ।

उदाहरणका लागि, अर्धभूमिगत अवस्थाबाट भर्खरै खुला भएका धुरन्धर कम्युनिष्ट नेता मोहनविक्रम सिंह २०३१ सालदेखि अहिले ९१ वर्षको उमेरमा पनि पार्टीको महामन्त्री नै छन् । बीचमा एक-दुई वर्ष कारबाहीमा परेको अवधि घटाउँदा पनि उनी करिब ५० वर्षदेखि निरन्तर मुख्य नेतृत्वमा छन् ।

आफूलाई मात्र सच्चा कम्युनिष्ट ठान्ने नारायणमान बिजुक्छे (रोहित) पनि २०३१ सालमा गठन भएको नेपाल मजदुर किसान पार्टीको आजसम्म अध्यक्ष नै छन् । २०४५ सालमा नेकपा मशालका महामन्त्रीका रूपमा पार्टी प्रमुखको यात्रा थालेका पुष्पकमल दाहाल निरन्तर ३७ वर्षदेखि पार्टी नेतृत्वमा छन् । यस्तै, २८ वर्षदेखि पार्टी महासचिव रहेका सी.पी. मैनाली वा २६ वर्षदेखि नेतृत्वमा रहेका चित्रबहादुर के.सी. लगायतको व्यवहार कुनै पनि हिसाबले जनवादी र लोकतान्त्रिक देखिँदैन ।

तैपनि उनीहरू आफूलाई नै क्रान्तिकारी र अब्बल प्रमाणित गर्न सधैँ लागिपरेका छन् ।

वर्तमान नेतृत्वहरूको कार्यशैली हेर्दा पद नभए प्रतिष्ठा पनि नपाइने र आफूले गरेका कर्मको फल भोग्नुपर्ने डरले उनीहरू पदमा नै रहिरहन खोजेको कुरा छर्लङ्ग छ ।

**पद र मर्यादाको सही अर्थ**

पद के हो त? नेपाली शब्दकोश अनुसार पद भनेको योग्यता, काम वा महत्वका आधारमा निश्चित गरिएको पदवी वा उपाधि हो । तर, शब्दकोशमा अर्थ्याइए अनुसार नेपाली समाजमा योग्यता, काम वा महत्वका आधारमा पदाधिकारी चयन भएको देखिँदैन ।

नेपालमा Right Place Right Men" (ठीक ठाउँमा ठीक मान्छे) पुग्न नसकेको कुरा सर्वविदितै छ । ठीक ठाउँमा ठीक मान्छे पुग्न नसकेपछि व्यक्ति, पद र मर्यादाको तालमेल मिल्न सक्ने कुरै भएन । पद अनुसारको मर्यादा विरलै मात्र कायम भएको पाइन्छ । पूर्व राष्ट्रपतिलाई मर्यादाका नाममा नागरिक अधिकारबाट वञ्चित गरिनु कुनै पनि हालतमा राम्रो कुरा होइन ।

मर्यादा के हो त? नेपाली शब्दकोश अनुसार मर्यादा भनेको इज्जत, प्रतिष्ठा, मान, कबुल, प्रतिज्ञा, सीमा, हद, अवधि, नैतिक बन्धन, प्रचलित नियम, सामाजिक अनुशासन, सदाचार, धर्म र सामाजिक आचरण हो । शाब्दिक अर्थअनुसार पनि प्रचलित नियम कानुनले राष्ट्रप्रमुख भइसकेको व्यक्तिलाई राजनीतिमा सक्रिय हुन कुनै रोकतोक गर्दैन ।

बरु गणतन्त्रमा पूर्व राष्ट्रप्रमुख भइसकेका व्यक्ति पनि सामान्य नागरिकसरह हुन्छन् भन्ने सन्देश दिन सकिन्छ । यसले गणतान्त्रिक संस्कृतिको विकासमा समेत मद्दत पुग्न सक्छ ।

**सामाजिक र राजनीतिक मर्यादाको विडम्बना**

नेपालमा मर्यादाको अभ्यास पनि अचम्मको छ । सामाजिक मर्यादा जातीय वर्णानुक्रम अनुसार रहेको छ । सोहीअनुसार साइनो लगाएर सम्बोधन गरिन्छ । बाहुनलाई जन्मँदै बाजेबराजु, क्षेत्रीलाई काजी, वैश्य गरिब भए पनि साहुजी र शूद्रलाई भने बूढो नै भए पनि हेय दृष्टिले सम्बोधन गर्ने चलनलाई पनि मर्यादा नै भनिन्छ र मानिन्छ । के यस्तो विभेदकारी सामाजिक मार्यादाले सामाजिक सदभाव कायम राख्न सकिन्छ र ?

वर्गीय रूपमा पनि धनी र गरिबको मर्यादा फरक पारिएको छ । लैङ्गिक रूपमा पनि पुरुषलाई पहिलो दर्जा र महिलालाई दोस्रो दर्जामा सीमित गरिएको छ ।

गाउँमा बस्नेभन्दा सहरमा बस्नेको मर्यादा बढी । मजदुरी नै गरे पनि विदेशमा गर्ने र स्वदेशमा गर्नेको मर्यादा फरक । विदेशमा पनि युरोप (अमेरिकामा मजदुरी गर्नेको मर्यादा माथि र खाडी मुलुकमा मजदुरी गर्नेको मर्यादा तल । यस्ता अभ्यासहरू हाम्रो समाजमा व्याप्त छन् । यस्ता सामाजिक सरोकारका विषयमा बहस छलफल गर्ने कसैलाई चासो पनि छैन, फुर्सद पनि छैन ।

राजनीतिक मर्यादाको कुरा गर्दा मतदाताभन्दा मत माग्ने ठूलोको अभ्यास भइरहेको छ । राष्ट्रिय मर्यादासम्बन्धी विधेयकले उत्पादक शक्ति, कृषक, मजदुर (जनता) लाई कुनै पनि मर्यादामा राखेको छैन । उत्पादक शक्तिले उत्पादन गर्ने हो शासन सत्ता भनेको व्यवस्थापन हो । राज्य संचालन व्यवस्थापनको लागि जनताले छानेर पठाएका प्रतिनिधिलाई नै जनप्रतिनिधि भनिएको हो । यसरी हेर्दा जनता मालिक हुन् भने प्रतिनिधि सेवक हुन् । यस्तै व्याख्या गरेर होला राणा प्रधानमन्त्री श्री देवशमशेर जबरा आफूलाई राष्ट्रको नोकर हुँ भन्दथे ।

तर, अहिले गणतान्त्रिक व्यवस्थामा जनताको घरदैलोमा गएर हात जोडी अनुनय विनय गर्दै भोट मागेर कथित जनप्रतिनिधि बनेकाहरू चाहिँ मर्यादामा माथि हुने, भोट दिने जनता चाहिँ आन्दोलन र चुनावको बेलामा मात्र महान् हुने अरू बेला कुनै मर्यादा नै नहुने बनाइएको छ । जनप्रतिनिधि कसरी मर्यादामा माथि पठाउने जनता कसरी तल यक्ष प्रश्न सबैको सामु छ ?

सभासम्मेलनमा नेताहरू अग्लो ठाउँमा बनाइएको मञ्चमा सोफामा विराजमान हुने । जनता तातो घाममा भुइँमा बस्नुपर्ने । भाषण गर्दा जनताको लागि राजनीति गरेको, जनता नै महान् भन्दा ताली बजाउने तिनै जनताको यो मर्यादा नीतिसम्मत होला त?

राजनीतिमा लागेकाहरूलाई मान सम्मानको भोक यति जाग्न थाल्यो कि नियमित हुने नगरसभा, गाउँसभामा कतिपय पालिकाले आफैँ आयोजक, आफैँ अतिथि भएर ठूलै युद्ध जितेको जस्तो फूलमाला, खादा पहिरेर नगरसभा गाउँसभाको बैठकमा विराजमान हुनु कुन मर्यादाको कुरा होला ?

अचम्म लाग्दो कुरा त के छ भने प्रत्येक पार्टीका सभा सम्मेलनमा पार्टीको प्रमुख व्यक्तिलाई अतिथि भन्ने गरिन्छ । अतिथि भनेको पाहुना । अनि आफ्नो घरमा आफैँ पाहुना हुन्छ त ? पाहुना भए त्यो परिवारको सदस्य होइन, सदस्य हो भने पाहुना होइन । प्रमुख अतिथि भन्नुभन्दा प्रमुख वक्ता भनौँ । अतिथिहरू भन्नुभन्दा वक्ताहरू भन्दा राम्रो होला कि? यस विषयमा छलफल चलाउन जरुरी छ ।

**मर्यादाको मर्म र परिवर्तनको आवश्यकता**

प्रत्येक मानिस आत्मसम्मानको भोको हुन्छ र सम्मान खोज्नु स्वाभाविक नै मानिन्छ । तर, मर्यादा र सम्मानका नाममा पूर्व विशिष्टहरूलाई दिइएको सेवा सुविधा आर्थिक रूपमा खर्चिलो त छँदै छ, सामाजिक हिसाबले पनि आफूलाई सधैँ धुरीमा रहेको ठान्ने प्रवृत्तिको विकास हुँदै गएको छ । धुरीमा पुगेकाहरूले बलेनी बिर्सेका छन् ।

धुरीमा पुगेकाहरूलाई बलेनी पनि छ भन्ने बोध गराउन पनि पूर्व विशिष्टहरू भुइँ तहमा रहेर काम गर्नुपर्छ । धुरीमा पुगेकाहरू बलेनीमा झर्न नहुने होइन । मञ्चमा बस्नेहरू मैदानमा बस्न तयार हुनुपर्छ ।

मञ्च खारेज गरौं, मान्छेको मर्यादा मान्छेले नै बनाएको हो मर्यादा पनि सापेक्ष हुन्छ । पद भनेको जिम्मेवारी हो । जिम्मेवारीलाई जीवनभरको मर्यादाको रुपमा बुझ्नु सान्दर्भिक होला र ? अभ्यासमा रहेको मर्यादाक्रम परिमार्जन गरौं-यही नै समयको माग हो ।

समय छँदै बल गरौं । धेरै मर्यादा खोज्दा मर्यादा नै गलोपासो नबनोस् ।

# तातोपानी भन्सारबाट राजश्व असुलिमा अहिले सम्मकै उच्च गिरावट, व्यापार प्रभावित



जनतापत्र, तातोपानी

तातोपानी भन्सार कार्यालयमा यो साता राजश्व असुलिमा असाधारण गिरावट आएको छ । विगतका तुलनामा यो साउनको पहिलो हप्ता भन्सार कार्यालयले अभूतपूर्व रूपमा कम राजश्व संकलन गरेको छ । प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालका अनुसार अघिल्लो महिनाको तुलनामा यस महिनाको राजश्व असुलिमा उल्लेखनीय कमी देखिएको छ, जुन यहाँको अर्थतन्त्रमा ठूलो प्रभाव पार्ने विषय बनेको छ।

तातोपानी भन्सार कार्यालयले राखेको दैनिक राजश्व असुली लक्ष्यसँग तुलना गर्दा साउन महिनाको सातौँ दिनसम्म कुल राजश्व असुली ११ प्रतिशतभन्दा कम मात्रै पुगेको छ। विशेषगरी, ७ गतेको दैनिकी लक्ष्य १९ लाख ३३ हजार ७०० रूपैयाँ राखिएको थियो भने त्यो दिन २ लाख २० हजार ३ सय ३६ रूपैयाँ मात्र उठेको छ, जुन कुल लक्ष्यको ११.३९ प्रतिशतमा पनि पुगेको छैन। यो तथ्यले यहाँ राजश्व संकलनमा ठूलो समस्या उत्पन्न भएको देखाउँछ।

यस आर्थिक वर्ष २०८२/८३ का लागि वार्षिक राजश्व लक्ष्य दैनिक आधारमा २ करोड ४४ लाख ७८ हजार ५ सय ५८ रूपैयाँ तोकिएको थियो । तर, बुधबारसम्मको दैनिकी हिसाबले हेर्दा, कुल राजश्व संकलन वार्षिक लक्ष्यको मात्र ०.९ प्रतिशतमा सीमित छ, जुन निकै कम र चिन्ताजनक संकेत हो।

राजश्व संकलनमा आएको यस गिरावटको मुख्य कारण चीनबाट आउने सामानमा उल्लेखनीय कमी हुनु हो। चीनबाट आयात हुने मालबाहक ट्रक तथा कन्टेनर संख्या निकै कम भएका कारण व्यापार प्रभावित भएको छ। प्रमुख भन्सार अधिकृत चुडालले बताए अनुसार, सामानमा लत्ताकपडाको तुलनामा स्याउ र लसुन बढी आयात भईरहेका छन् तर सम्पूर्ण सामानको आयातमा कमी छ।

यसका साथै भौगोलिक कारणहरूले पनि यो गिरावटमा भूमिका खेलेको छ। केरुङ नाकामा आएको बाढी र बाटोको अवस्थाले पनि यातायातमा समस्या पारेको छ। पूर्वी तर्फको नाकामा आएको बाधाका कारण मालवाहक ट्रक तथा कन्टेनरहरूको आवागमनमा प्रभाव परेको छ।

तातोपानी नाकाबाट कैलाशमानसरोबर जाने हजारौं तीर्थयात्रीहरू हरेक दिन गन्तव्यतर्फ जाने गर्दछन्। तीर्थयात्रीको आवागमन सामान्यतया व्यापारलाई केही हदसम्म चलायमान बनाउने भए तापनि हाल कन्टेनर तथा मालवाहक यातायातमा आएको कमी आर्थिक गतिविधिमा ठुलो प्रभाव पारिरहेको छ।तातोपानीको सुख्खा बन्दरगाह भन्सार यार्डहरू अहिले व्यापारीहरूले ल्याएका सामानले भरिभराउ भएका छन्। तर, व्यापारीहरु आर्थिक सट्टमा परेपछि भन्सार रकम तिर्न नसकेका कारण सामानहरू भन्सारमा थुनिएका छन्।

## १४ वर्षपछि बाबुआमा ...

सम्पर्क गरिन्। यसरी १४ वर्षपछि आमा–छोरीको पुनर्मिलन सम्भव भयो। पुनर्मिलनको खुसीमा स्वस्तिका भावुक भइन् भने उनका आमा पनि आफ्नो छोरीसँग पुनः भेट हुँदा आँसु रोकिन सकिनन्।

स्वस्तिकाको बाबु पनि भेटिने क्रममा परे। अर्जुनले बुबाको खोजी पनि तीव्र गतिमा गर्दै दुई दिनमै उनको सम्पर्क गराए र स्वस्तिकालाई बाबुसँग पनि पुनर्मिलन गराए। यसरी १४ वर्षपछि स्वस्तिकाले आफ्नो दुई अभिभावकलाई भेटेकी छिन्।

सामाजिक अभियन्ता अर्जुन भुसालले स्वस्तिकालाई बाबु-आमासँग मात्र भेटाउन नभई उनको नागरिकता बनाइदिने प्रण पनि गरे। स्वस्तिकाको बाबुले नागरिकता दिने वाचा गरेपछि अर्जुनले यो कामलाई अन्तिमसम्म पुरा गरे।

मंगलबार सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयमा पुगेर स्वस्तिकाले औपचारिक रूपमा आफ्नो नागरिकता पाएकी छन्।

स्वस्तिकाको नागरिकता बनाउने कार्यमा प्रमुख जिल्ला अधिकारी किरण थापाले औपचारिक रूपमा नागरिकता प्रदान गरेका थिए। यस प्रक्रियामा १० नम्बर वडा कार्यालयको सिफारिस, स्वस्तिकाको बाबु र अन्य सहयोगीहरूको महत्वपूर्ण भूमिका रह्यो।

यो कथा सामाजिक सञ्जालमा व्यापक रूपमा भाइरल भएपछि देशभरबाट स्वस्तिका प्रति सहानुभूति र सहयोगका हातहरु बढ्न थाले। उनको जीवनकथा सुन्दा धेरैलाई मानवताको संदेश पनि प्राप्त भयो। कठिनाइ र विपत्तिका बाबजुद पनि सामाजिक अभियन्ता र सहयोगीहरूको समर्पणले एउटा बालिका जीवनमा उज्यालो फुलेको छ।

स्वस्तिकाको नागरिकता पाउन सहयोग गर्ने सिद्धार्थ बालगृहकी सञ्चालिका शर्मिला श्रेष्ठले लामो समयसम्म परिवार खोज्ने प्रयास गरिन्, तर नसक्दा अन्ततः अर्जुन भुसाललाई जिम्मेवारी सुम्पिन्। अर्जुनले सामाजिक संजालको मद्दत लिएर भिडियो बनाएर खोजी अभियान चलाएपछि पुनर्मिलन सम्भव भयो।

स्वस्तिकाको यो कथा बालबालिकाको अधिकार संरक्षण र सामाजिक अभियन्ताको भूमिका कस्तो महत्वपूर्ण हुन सक्ने देखाउने उदाहरण पनि बनेको छ। यो अनुभवले देखाउँछ कि कुनै पनि बालबालिकालाई सडकमा अलपत्र नछाड्नुपर्छ र उनीहरूको अधिकार सुनिश्चित गर्न सबै तहका मानिसहरूले पहल गर्नुपर्छ।

सामाजिक अभियन्ता अर्जुन भुसालको लगनशीलता र समर्पणको कारणले मात्र होइन, सामुदायिक सचेतना र सहयोगीहरूको प्रयासले पनि स्वस्तिकाको जीवनमा नयाँ उज्यालो आयो। यो कथाले नेपाली समाजमा पारिवारिक पुनर्मिलन र बालबालिकाको सामाजिक सुरक्षा विषयमा सचेतना जगाउन मद्दत पुर्याउने विश्वास छ।

अन्तमा, स्वस्तिकाको कथा नेपाली समाजका लागि एउटा प्रेरणादायी उदाहरण बनेको छ जसले सबैलाई मानवता र सामाजिक दायित्वप्रति सचेत हुन र त्यस्ता पीडित बालबालिका लागि हातेमालो गर्न प्रेरित गर्दछ।

## सीडीओ थापाको एक ..........

बस्नेतको सम्मानार्थ 'रातो कार्पेट' बिछ्याएर कार्यक्रमको प्रमुख अतिथि बनाएका थिए। यस घटनाले स्थानीय तहमा व्यापक आलोचना र असन्तुष्टि निम्त्यायो।

सांसद मोहन बहादुर बस्नेत भ्रष्टाचारका विभिन्न आरोपमा निलम्बित अवस्थामा रहेको हुँदा उनलाई यस्तो सम्मान दिनु सही नभएको भन्दै जनस्तरमा नै प्रश्न उठ्न थाल्यो। भ्रष्टाचार मुद्दामा संलग्न सांसदलाई सरकारी कार्यक्रमको प्रमुख अतिथिको रूपमा पर्खालबन्दा सम्मान गर्नु उपयुक्त नभएको स्थानीय तथा विभिन्न राजनीतिक एवं सामाजिक नेताहरूले बताए।

सिन्धुपाल्चोक क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य माधव सापकोटाले संसद्मा समेत यस विषयलाई उठाएर गृहमन्त्री र सम्बन्धित निकायसँग जवाफ मागेका थिए। सांसद बस्नेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिनिधिले समेत प्रमुख अतिथि बनाएकोले विवाद थप बढेको थियो। यस घटनालाई लिएर जिल्ला प्रशासन कार्यालयमा, स्थानीय राजनीतिक दल र समाजका विभिन्न तहमा कडा असन्तोष छाएको थियो।किरण थापाको यो कदमलाई सार्वजनिक कार्यालयको निष्पक्षता र प्रशासनिक मर्यादाको उल्लंघन मान्ने गरिएको थियो।


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

मेलम्ची नगरपालिका, नगरकार्यपालिका कार्यालय, सिन्धुपाल्चोक

# बहुकला र संस्कृति झल्कने हेलम्बु गाउँपालिकाको प्रशासकीय भवनको शिलान्यास

**सफलताको कारण गाउँपालिकाको स्थानीय स्रोत व्यवस्थापनमा आएको सुधार र समन्वय रहेको बताइन्छ। विगतमा खानेपानी मन्त्रालयले स्रोत सुनिश्चित नगरेपछि वर्षौंसम्म भवन निर्माण कार्य अलपत्र परेको थियो।तर, हाल स्रोत सुनिश्चितता भएसँगै आठ वर्षदेखि रोकिएको प्रशासकीय भवन निर्माण कार्य पुनः सक्रिय भएको छ। यसले स्थानीय विकासमा नयाँ गति थप्ने विश्वास गरिएको छ।**

जनतापत्र, हेलम्बु

सिन्धुपाल्चोक जिल्लाको सांस्कृतिक र प्राकृतिक सुन्दरताले परिचित हेलम्बु गाउँपालिकामा नयाँ प्रशासकीय भवनको शिलान्यास भव्य रूपमा सम्पन्न भएको छ। यो भवनले गाउँपालिकाको प्रशासनिक कार्यलाई थप सुदृढ बनाउने छ भने स्थानीय कला, संस्कृति र परम्परालाई पनि संरक्षण गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

बिहिबार सम्पन्न शिलान्यास कार्यक्रममा गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पा, उपाध्यक्ष अप्सरा लामिछाने लगायतका जनप्रतिनिधिहरूले संयुक्तरूपमा समारोहको उद्घाटन गरेका थिए। शिलान्यास कार्यक्रममा गाउँपालिकाका कर्मचारी, स्थानीय नागरिक, सामाजिक तथा सांस्कृतिक प्रतिनिधि र विकास संस्थाका सदस्यहरूले पनि उत्साहजनक सहभागिता जनाएका थिए।

**भवन निर्माणको स्थान र महत्व**

गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने ढोडेनीमा बन्न लागेको यो प्रशासकीय भवनलाई विशेष महत्वका साथ तयार गरिँदैछ। यसले हेलम्बु गाउँपालिकाको १२ स्थानीय तहहरूमध्ये प्रशासनिक सुविधा र सेवा प्रवाहमा अग्रणी भूमिका खेल्नेछ। यो भवनलाई सांस्कृतिक र कलात्मक दृष्टिले पनि अत्यन्तै महत्वपूर्ण मानिएको छ।

गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले बताएअनुसार भवनको डिजाइनमा प्यागोडा शैली समेटिने छ, जसमा विभिन्न जातजातिका कला र सांस्कृतिक झल्कोहरु चित्रित गरिने छन्। यसले यहाँ बस्ने समुदायहरूको सांस्कृतिक पहिचानलाई मजबुत बनाउने विश्वास गरिएको छ।

**स्रोत व्यवस्थापन र ऐतिहासिक उपलब्धि**

गाउँपालिकाले यस भवन निर्माणको लागि आवश्यक जग्गा बिना कुनै खर्चका आफ्नो नाममा ल्याएको छ। उपाध्यक्ष अप्सरा लामिछानेका अनुसार ५५ रोपनी जग्गा गाउँपालिकाको नाममा आबद्ध गरेर भवनको शिलान्यास गर्न सक्नु ऐतिहासिक उपलब्धि हो।

यो सफलताको कारण गाउँपालिकाको स्थानीय स्रोत व्यवस्थापनमा आएको सुधार र समन्वय रहेको बताइन्छ। विगतमा खानेपानी मन्त्रालयले स्रोत सुनिश्चित नगरेपछि वर्षौंसम्म भवन निर्माण कार्य अलपत्र परेको थियो।

तर, हाल स्रोत सुनिश्चितता भएसँगै आठ वर्षदेखि रोकिएको प्रशासकीय भवन निर्माण कार्य पुनः सक्रिय भएको छ। यसले स्थानीय विकासमा नयाँ गति थप्ने विश्वास गरिएको छ।

आर्थिक योजना र ठेक्का प्रक्रिया

गाउँपालिकाले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार, यो प्रशासकीय भवन निर्माणमा करिब १९ करोड ९१ लाख ९१ हजार रूपैयाँ लागत अनुमान गरिएको छ।

अर्थ मन्त्रालयमा स्रोत सुनिश्चित गर्न पठाइएको रकममा नेपाल सरकारबाट करिब १४ करोड २३ लाख रूपैयाँ बजेट विनियोजन भएको छ।

ठेक्का बिरशान्ती निर्माण सेवा प्रा.लीलाई १४ करोड २३ लाख ७६ हजार ५ सय ७१ रूपैयाँमा दिइएको छ।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजुभाई श्रेष्ठले जानकारी दिनुभयो, "भवनको निर्माण १८ महिनामा सम्पन्न गर्ने लक्ष्य राखिएको छ र निर्माण कार्य छिट्टै थालिने छ।"

**भवन निर्माणले ल्याउने परिवर्तन र सम्भावना**

यो प्रशासकीय भवनले गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने छ। नयाँ भवनले कर्मचारीहरूलाई सहज कार्यस्थल उपलब्ध गराउने, स्थानीय जनताको सुविधामा सुधार ल्याउने र प्रशासनिक काममा गति थप्ने अपेक्षा गरिएको छ।

साथै भवनमा स्थानीय सांस्कृतिक र कलात्मक पक्षलाई समेट्नाले समुदायको सांस्कृतिक संरक्षण र प्रवर्द्धनमा ठूलो सहयोग पुग्नेछ । स्थानीय रोजगार सिर्जना र जनशक्ति परिचालनमा पनि भवन निर्माणले महत्वपूर्ण भूमिका खेल्ने छ। यसले गाउँपालिकाको दीर्घकालीन विकासमा ठूलो योगदान पुऱ्याउनेछ।

**स्थानीय जनताको उत्साह र आशा**

भवन शिलान्यास समारोहमा उपस्थित स्थानीय बासिन्दु, जनप्रतिनिधि र कर्मचारीहरु सबैले यसको निर्माणलाई ठूलो उपलब्धि मान्दै उत्साहका साथ स्वागत गरे।

गाउँपालिका उपाध्यक्ष अप्सरा लामिछानेले भनिन्, "यस भवनको निर्माणले गाउँपालिकालाई नयाँ उचाइमा पुऱ्याउनेछ र हामी सबैका लागि प्रेरणादायक काम बन्नेछ।"

स्थानीय समुदायले पनि प्रशासनको पहुँच नजिक ल्याउने, सेवा प्राप्तिमा सहजता र पारदर्शिता बढाउने आशा गरेको छ।

यस भवनले हेलम्बु गाउँपालिकाको समग्र विकासलाई नयाँ गतिशीलता दिनेछ भन्ने अपेक्षा व्यापक रूपमा व्यक्त गरिएको छ।

**भविष्यका योजनाहरू**

गाउँपालिकाले भवन निर्माणपछि यसलाई पूर्णरूपमा स्थानीय कला, संस्कृति र समसामयिक प्रशासनिक आवश्यकता अनुरूप सञ्चालन गर्ने योजना बनाएको छ।प्यागोडा शैलीमा बनेको भवनलाई पर्यटकीय रूपमा समेत विकास गर्ने पहल गरिने छ।

यसले क्षेत्रीय पर्यटन प्रवर्द्धनमा पनि योगदान पुऱ्याउने छ।साथै भवनको सञ्चालनमा दक्ष कर्मचारी र आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकाका सेवाहरु सहज र छिटो पुर्याउन ध्यान दिइनेछ ।

यसरी हेलम्बु गाउँपालिकाको प्रशासकीय भवनको शिलान्यासले यहाँको प्रशासनिक क्षमता मात्र नभई सांस्कृतिक पहिचान र स्थानीय विकासमा पनि नयाँ अध्याय सुरू गर्ने विश्वास लिइएको छ।

यो भवनले गाउँपालिका र आसपासका क्षेत्रका जनताका लागि सेवा र सुविधा उपलब्ध गराउने महत्वपूर्ण केन्द्रको रूपमा काम गर्नेछ।

## मेलम्चीमा....

*सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ । दीर्घकालीन समाधानका लागि नीतिगत निर्णय लिन र आवश्यक बजेट विनियोजन गर्ने विषयमा पनि प्राधिकरण र सम्बन्धित निकायहरूलाई दबाब दिनुपर्ने उल्लेख पत्रमा गरिएको छ। यसले भविष्यमा यस्ता समस्याहरु पुनः नआओस र स्थानीयस्तरमा स्थायी समाधान होस् भन्ने अपेक्षा गरिएको छ।*

*प्रतिनिधिमण्डलमा रहेका अन्य नेताहरु र स्थानीय जनप्रतिनिधिहरूले मेलम्चीका बासिन्दाहरूको विद्युत समस्या गम्भीर रहेको उल्लेख गर्दै प्राधिकरणलाई सहकार्य गर्न र समस्या छिटो समाधान गर्न आग्रह गरेका थिए । यस्तो अवस्थाले यहाँको सामाजिक, आर्थिक र शैक्षिक प्रगति प्रभावित भएको छ भन्ने पनि प्रतिनिधिमण्डलले व्होरा राखेको छ।*

*नेपाल विद्युत प्राधिकरणका कार्यकारी प्रमुखले उक्त ध्यानाकर्षण पत्र प्राप्त भइसकेको पुष्टि गर्दै समस्या समाधानमा पहल गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले विद्युत व्यवस्थापनमा देखिएका समस्याहरूलाई छिटोभन्दा छिटो सम्बोधन गर्ने र स्थानीयस्तरमा विश्वासिलो सेवा दिन प्रयासरत रहने जानकारी दिएका छन्।*

*यद्यपि, विद्युत सेवा सुधारका लागि आवश्यक बजेट विनियोजन र प्राविधिक स्रोतको अभावले कहिलेकाहीं सेवा प्रभावकारी हुन कठिन हुने भएकाले यसमा थप सुधार आवश्यक रहेको प्राधिकरणको पनि भनाइ छ।*

*मेलम्ची क्षेत्रका स्थानीय बासिन्दाहरूले विद्युत समस्या समाधानका लागि राजनीतिक दलहरु र विद्युत प्राधिकरणबीच निरन्तर संवाद र सहकार्य आवश्यक रहेको बताएका छन्। स्थिर र भरपर्दो विद्युत सेवा नहुँदा दैनिक जीवनमा परेको असर निकै ठूलो रहेको र यसले आर्थिक गतिविधि तथा सामाजिक सञ्जालहरूमा समेत असर पारिरहेको जनाइएको छ।*

*विद्युत आपूर्तिमा सुधार हुँदा मात्र यहाँका उद्योग, व्यापार, शिक्षा र स्वास्थ्य सेवाहरु पनि प्रभावकारी बन्न सक्ने स्थानीयवासीहरूको विश्वास छ।*

**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने, मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने, वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

हेलम्वु गाउँपालिका, गाउँपालिकाको कार्यालय,सिपा. सिन्धुपाल्चोक

## सामाजिक सुरक्षाभत्ता नविकरण सेवा घरदैलोमै, उदाहरणीय पहल

सुनिता रखाल, चौतारा

सिन्धुपाल्चोक जिल्लाको चौतारा सागाचोकगढी नगरपालिका-१० मा सामाजिक सुरक्षाभत्ता नविकरण सेवालाई स्थानीय जनताको घरदैलोमै पुऱ्याउने ऐतिहासिक र उदाहरणीय कार्य भएको छ। यस अभियानले राज्य सेवा पहुँचविहीन बस्तीहरूमा समेत पुऱ्याउने नयाँ परिपाटीको थालनी गरेको छ।

यस वडाका अध्यक्ष निलबहादुर तामाङको नेतृत्वमा साउन ८, १३, १४ र १५ गतेसम्म सञ्चालन भएको घरदैलो सेवा अभियानले अपाङ्गता, वृद्धवृद्धा, विधवा, दलित, अशक्त र अन्य लक्षित वर्गका नागरिकहरूलाई घरमै सेवा पुऱ्याएको हो।

यस किसिमको सेवाले विशेषतः अशक्तता भएका व्यक्तिहरु, वृद्धवृद्धाहरु र पहाडका दुर्गम बस्तीहरूमा बसोबास गर्ने नागरिकहरूलाई ठूलो राहत दिएको छ।यस अभियान अन्तर्गत पहिलो दिन सुकुटे र साठिमुडे, दोस्रो दिन कार्कीटार र खत्रिथोक, तेस्रो दिन जल्केनी र हर्रे गाँउटोलमा टोली पुग्यो भने चौथो दिन छुटेका र बाउनगाउँका नागरिकहरूको नविकरण वडा कार्यालयमै बसेर सम्पन्न गरिएको थियो।

अभियानमा वडा कार्यालयका कर्मचारी, सामाजिक सुरक्षा शाखाका प्रतिनिधिहरु, स्थानीय स्वयंसेवक, प्राविधिक समूह लगायतको सक्रिय सहभागिता थियो।

कार्यक्रमको मूल उद्देश्य सामाजिक सुरक्षाभत्ता लिन वडामा धाउनु नपरोस् भन्ने थियो। नविकरणको प्रक्रिया सजिलो, छरितो र पारदर्शी बनाउन टोलीले आवश्यक सबै उपकरणसहित सेवा स्थलमै गएर काम सम्पन्न गरे। नागरिकहरूले आ-आफ्ना कागजात प्रस्तुत गरेपछि टोलीले विवरण प्रमाणीकरण, डिजिटल प्रणालीमार्फत अभिलेख अद्यावधिक र नविकरण सम्पन्न गरे।

यसअघि पनि साउन ५ र ६ गते वडाका अन्य बस्तीहरूमा भत्ता वितरणको काम भएको थियो। यो अभियानले नविकरण मात्र होइन, स्थानीय नागरि कसँग प्रत्यक्ष संवाद, आवश्यक जानकारी संकलन र सामाजिक सम्बन्ध सुदृढ पार्न समेत मद्दत गरेको छ। यस अभियानको निरन्तरताको लागि वडाध्यक्ष तामाङले प्रतिबद्धता जनाएका छन्।

यसैगरी चौतारा सागाचोकगढी नगरपालिका वडा नं. १४ ले पनि साउन ९ देखि १६ गतेसम्म विभिन्न बस्तीहरूमा पुगेर नविकरण सेवा, स्वास्थ्य सेवा र अन्य प्रशासनिक सेवा एकैसाथ दिएको थियो। यसबाट सेवा सुलभ, नागरिक-मैत्री र प्रविधि-मैत्री बनाउन सकिन्छ भन्ने संकेत देखिएको छ।

स्थानीयस्तरबाट नागरिकलाई लक्षित सेवाहरु दिने यो प्रयासले अन्य पालिकाहरूलाई पनि प्रेरणा दिने विश्वास गरिएको छ। सरकारले पछिल्लो समय सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गर्दै आइरहेको अवस्थामा स्थानीय सरकारले यस्तो घरदैलो अभियान सञ्चालन गर्नु सेवा प्रवाहको नयाँ नमुना बनेको हो।

वडा अध्यक्ष तामाङ भन्छन्, "जनतालाई सेवा दिने हाम्रो जिम्मेवारी हो। यसपटकको अनुभव सकारात्मक भएकोले भविष्यमा अन्य सेवाहरु पनि यस्तै घरदैलोमै पुऱ्याउने योजना बनाएका छौं।"

स्थानीय वृद्ध लक्ष्मीमाया थिङ बताउँछिन्, "हामीजस्ता अशक्त मान्छेहरूका लागि कर्मचारी आफै घरमै आइदिनु स्वर्गको वरदानजस्तै लाग्यो।"




**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

**चौतारा साँगाचोकगढी नपा.**
**वडा नं. १० को कार्यालय, सि.पा**

**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक**

## पाँचपोखरीमा टेलिमेडिसिन सेवा सुरु: प्रविधिमैत्री स्वास्थ्य सेवा पहुँचमा नयाँ आयाम

जनतापत्र, पाचपोखरी

सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिकामा स्वास्थ्य सेवा पहुँचलाई प्रविधिमैत्री बनाउन टेलिमेडिसिन सेवा सुरु गरिएको छ। भक्तपुर अस्पतालसँगको सहकार्यमा सञ्चालनमा आएको यो सेवा हाल सफलतापूर्वक परीक्षण चरणमा पुगेको छ।

प्रदेश स्वास्थ्य मन्त्री किरण थापाको प्रस्तावलाई गाउँपालिका अध्यक्ष टासी लामाले सहयोग गर्दै सेवा सञ्चालनको व्यवस्था मिलाएका थिए। अब स्थानीय बासिन्दाले घरमै बसेरै भक्तपुर अस्पतालका विशेषज्ञहरूसँग प्रत्यक्ष परामर्श गर्न सक्ने भएका छन्।

सेवाको परीक्षणमा स्वास्थ्य मन्त्रालयकी सचिव डा. खगेश्वरी गेलाल, जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख, भक्तपुर अस्पतालका चिकित्सक, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुइकेल, सूचना प्रविधि शाखाका प्रतिनिधि लगायतले सक्रिय भूमिका खेलेका थिए। गाउँपालिका सूचना प्रविधि अधिकृत नारायण क्षेत्रीका अनुसार, यो सेवा दुर्गम क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा दिने महत्वपूर्ण माध्यम बन्नेछ।टेलिमेडिसिनले बिरामीलाई अस्पतालसम्म लामो यात्रा नगरी डिजिटल माध्यमबाट विशेषज्ञसँग परामर्श गर्ने सुविधा दिएको छ। यसले समय र खर्च दुवै बचत गर्ने मात्र होइन, ग्रामीण क्षेत्रका प्राथमिक स्वास्थ्य सेवामा पनि सुधार ल्याउने अपेक्षा गरिएको छ।

पाँचपोखरी गाउँपालिकाले यो सेवाको दीर्घकालीन सञ्चालन र प्रविधि सुधारमा जोड दिने प्रतिबद्धता जनाएको छ। यसले स्वास्थ्य सेवा अझ समावेशी र प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास गरिएको छ।

## फोटो पत्रकारहरूको नयाँ समिति गठन

जनतापत्र, चौतारा

नेपालभर क्रियाशील फोटो पत्रकारहरूको संगठन अन्तर्गत सिन्धुपाल्चोक शाखाले पहिलो जिल्ला भेला सम्पन्न गर्दै नयाँ नेतृत्व चयन गरेको छ। भेलाले विजय नेपाललाई अध्यक्षमा चयन गर्दै मानकाजी तामाङ उपाध्यक्ष, सागर खड्काका सचिव, प्रेम लामा कोषाध्यक्ष र सुजन श्रेष्ठलाई सदस्यमा चयन गरेको छ।

कार्यक्रममा केन्द्रीय वरिष्ठ उपाध्यक्ष लेखबहादुर श्रेष्ठ सागरको प्रमुख आतिथ्यता थियो भने नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक अध्यक्ष ध्रुव दंगाल विशेष अतिथि थिए। बागमती प्रदेश अध्यक्ष राजेन्द्र गजुरेलसहित अन्य अतिथिहरूको उपस्थिति रहेको कार्यक्रममा नवगठित समितिले जिल्लामा मर्यादित र हकहितपूर्ण फोटो पत्रकारिता प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ।

## पूर्ण खोप घोषणा, डिजिटल स्वास्थ्य प्रणाली

जनतापत्र, चौतारा

बागमती प्रदेशले सबै लक्षित वर्गलाई आवश्यक सबै खोप उपलब्ध गराउँदै आफूलाई 'पूर्ण खोप सुनिश्चित प्रदेश' घोषणा गरेको छ। सो अवसरमा डिजिटल स्वास्थ्य कार्यक्रमको पनि शुभारम्भ गरिएको छ।

यस कार्यक्रमअन्तर्गत प्रदेशका प्रमुख अस्पतालहरूमा बिरामीको विवरण, उपचार प्रक्रिया, औषधि व्यवस्थापन र स्वास्थ्य सेवा सम्बन्धी जानकारी डिजिटल प्रणालीमार्फत उपलब्ध गराइनेछ। स्वास्थ्य मन्त्रालयको आयोजनामा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली प्रमुख अतिथि थिए।

स्वास्थ्य मन्त्री किरन थापा मगरले डिजिटल स्वास्थ्य प्रणालीले सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रभावकारी बनाउने अपेक्षा व्यक्त गरे। यो कार्यक्रमलाई स्वास्थ्य क्षेत्रमा नयाँ मोडेलका रूपमा लिइएको छ।

## पाँचपोखरी थाङ्पाल गाउँपालिकाद्वारा नेपाल विद्युत प्राधिकरणलाई ध्यानाकर्षण पत्र बुझाइयो

जनतापत्र, पाचपोखरी

सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्पाल गाउँपालिकाले स्थानीय क्षेत्रमा विगत लामो समयदेखि समस्या बनेको विद्युत आपूर्ति संकटलाई समाधान गर्न नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र शाक्यलाई ध्यानाकर्षण पत्र बुझाएको छ। गाउँपालिकाले जारी गरेको यस पत्रमा विद्युतीय समस्या समाधानका लागि तत्काल आवश्यक कदम चाल्न आग्रह गरिएको छ।

गाउँपालिका अध्यक्ष टासी लामाले जानकारी दिनुभयो, "पूर्व मन्त्री र नेकपा (एमाले) स्थायी कमिटी सदस्य शेरबहादुर तामाङको नेतृत्वमा हामीले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक शाक्यलाई विद्युत समस्या सम्बोधन गर्न ध्यानाकर्षण पत्र सहित निवेदन पेश गरेका छौं।" यस ध्यानाकर्षण पत्रमा हालको विद्युत संकटको दीर्घकालीन समाधानका लागि विभिन्न महत्वपूर्ण मागहरु राखिएका छन्।

पत्रमा सबैभन्दा पहिलो माग मेलम्ची क्षेत्रमा नयाँ सबस्टेशन निर्माण गर्ने कुरा छ। विद्यमान सबस्टेशनले लगातार विद्युत माग सम्हाल्न नसक्दा बारम्बार विद्युत अवरोध भइरहेका कारण स्थानीय जनजीवन प्रभावित भएको उल्लेख छ। नयाँ सबस्टेशन निर्माणले विद्युत आपूर्तिमा स्थिरता र पर्याप्तताको स्तर बढाउने विश्वास पत्रमा व्यक्त गरिएको छ।

त्यसैगरी, तिपिनी क्षेत्रमा रहेको सबस्टेशनको तत्काल मर्मतसम्भार गर्नुपर्ने आवश्यकतामा पनि जोड दिइएको छ। सबस्टेशनमा देखिएका प्राविधिक समस्या र भौतिक कमजोरीका कारण अवरुद्ध विद्युत सेवा दीर्घकालीन समस्या बनिरहेकोले यथाशीघ्र सुधार गर्नुपर्ने कुरालाई ध्यानाकर्षण पत्रमा उठाइएको छ । गाउँपालिका क्षेत्रभर विद्युत तार व्यवस्थापनमा सुधार गर्नुपर्ने विषयमा पनि माग राखिएको छ। हाल गाउँपालिकाभर प्रयोग भइरहेका नाङ्गो तारहरूलाई विस्थापित गरी केवल तारको उचित व्यवस्था गर्नुपर्ने आवश्यकतालाई पत्रमा जोड दिइएको छ। यसले विद्युत दुर्घटना न्यूनीकरण गर्ने र सेवा विश्वसनीय बनाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

त्यसैगरी, पर्यटकीय तथा धार्मिक स्थल पाँचपोखरीसम्म विद्युत लाइन विस्तार गरी सेवा पुऱ्याउनुपर्ने विषयमा पनि जोड दिइएको छ। पर्यटकीय क्षेत्रहरूमा समेत विद्युत सेवा विस्तारले स्थानीय विकास र पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास छ।

थप रूपमा, थप न्युज सेन्टर स्थापना गरेर विद्युतीय सञ्जाललाई दिगो र सक्षम बनाउनुपर्ने माग पनि पत्रमा उल्लेख छ। विद्युत प्रणालीमा आवश्यक न्युज सेन्टरको कमीले बारम्बार सर्किट ट्रिप हुने र सेवा बाधित हुने समस्यालाई समाधान गर्न यो अत्यावश्यक भएको बुझिएको छ।

उक्त ध्यानाकर्षण बुझाउने कार्यक्रममा नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषद सदस्य माधवप्रसाद पाण्डे, गाउँपालिकाको उपाध्यक्ष सुनिता अधिकारी, प्रदेश कमिटी सदस्य हस्त पण्डित, जिल्ला कमिटी सचिव कृष्णगोपाल तामाङ, बालकृष्ण देउजा, मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिका वडाध्यक्षहरु लगायतका प्रतिनिधिहरु सहभागी थिए। उनीहरु सबैले स्थानीय विद्युत समस्या तत्काल समाधान गर्न प्राधिकरणमाथि जोड दिएका थिए।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र शाक्यले ज्ञापनपत्र प्राप्त गरेको पुष्टि गर्दै "गाउँपालिकाको समस्या बुझिएको छ र छिटो समाधान गर्ने प्रक्रियामा लाग्ने" प्रतिबद्धता व्यक्त गरे। उनले विद्युत सेवा विस्तार, मर्मतसम्भार तथा दीर्घकालीन सुधारका लागि आवश्यक नीति र बजेट व्यवस्थापनमा पहल गरिने कुरा बताएका छन्। यद्यपि, संसाधन र प्रविधि उपलब्धता अनुसार कार्यान्वयनमा केही चुनौतीहरु आउन सक्ने उनले बताए।

पाँचपोखरी थाङ्पाल गाउँपालिका अध्यक्ष टासी लामाले भने, "यो ध्यानाकर्षण पत्रले विद्युत समस्यालाई केवल अस्थायी नभई स्थायी रूपमा समाधान गर्न सरकार र सम्बन्धित निकायलाई बाध्य बनाउनेछ। हामी निरन्तर यस विषयमा दबाब र संवाद जारी राख्ने छौं।"

उनले स्थानीय बासिन्दाहरूको जीवनस्तर सुधार्न विद्युत आपूर्तिको निरन्तरता अत्यावश्यक रहेकोमा जोड दिए।

मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १४ को कार्यालय,सि.पा

# छलफलको नयाँ संस्कार सिकाउँदै..

गरेको थियो। नियममा बसेर कुरा राख्दा छलफलको निष्कर्षमा पुग्न सहज भएको थियो। स्थानीय र सरोकारवालाहरु यस बैठक सञ्चालनको तरिकाबाट खुसी थिए। न कसैको ठुलो कुरा, न सानो। न त गालीगलौज, न हुल हुज्जत। सबैको विचारलाई सम्मान गरिएको थियो। १९ वर्षको विवादलाई सुल्झाउने भन्दा ठुलो खाँचो थियो एक अर्कालाई सुन्ने, बुझ्ने र सम्मान गर्ने संस्कार बसाल्ने। जुन कुरा यस प्रक्रियाले गरेको थियो।बिन्तीराम थारू मुस्कुराउँदै भन्छन्, "अहिले त हामीले आफैँलाई पनि सुन्न थालेका छौँ। पहिले आफनै कुरा मात्रै लाद्ने बानी थियो। अब अर्काको कुरा पनि हेरिन्छ, सुनिन्छ र बुझिन्छ।" खाट विधिबाट सञ्चालित संयुक्त छलफलबाट अन्ततः सात बुँदे सहमति पारित भयो। ती सहमतिहरु केवल कागजमा सीमित भएनन्। कार्यान्वयन पनि भए। यतिका वर्षको गहिरो विवाद शान्तिपूर्ण रुपमा टुगिंयो। खुसीका आँसु र मुस्कान साटिए। एउटा बैठकले मात्र होइन, सही तरिका र सबल प्रक्रियाले गर्दा यस्तो हुन सक्यो।

आज हामी जतिसुकै संवाद को कुरा गरौं, जबसम्म सुन्ने संस्कार हुन्न, समाधान पनि सम्भव हुन्न। समस्या सुल्झाउन सुनाउने मात्र होइन, सुन्ने खाटमा बस्न सक्ने मनोवृत्ति चाहिन्छ भन्ने कुरा राप्ती सोनारीको अनुभवले सिकाएको छ। यस गाउँबाट "सुनियो, बुझियो, र सुल्झियो" भन्ने सन्देश फैलिएको छ।

निचोडमा भन्नुपर्दा, खाट विधि विभिन्न चाहना भएका व्यक्ति तथा समूहहरु बिच व्यवस्थित रुपमा छलफल सञ्चालन गर्नका लागि ज्यादै प्रभावकारी विधि साबित भएको छ। यसले छलफलको नयाँ संस्कार सिकाएको छ। देशका अन्य ठाउँहरुमा समेत माकुरा समूहले यही विधिको प्रयोग गरी छलफल गर्ने गरेका छन्। खाट उपलब्ध नहुने ठाउँमा समेत मेच, कुर्सी, गुन्द्री जे छ, त्यही प्रयोग गरिएको छ। यहाँ मुख्य कुरा भौतिक स्वरुप भन्दा पनि सुन्ने र प्रस्तुति गर्ने शैली रहेको छ। जहाँ अरुको कुरा पनि मूल्यवान् हुन्छ भन्ने मनोवृत्ति हुन्छ, त्यहीं समाधानको बाटो खुल्छ भन्ने पाठ यस विधिले सिकाएको छ।यसलाई अन्य समुदाय र संस्थाहरुले पनि प्रयोग गर्न सक्ने हो भने, कति समस्या समाधान हुन्थे होला, है ?( कानुन खवरवाट साभार)


मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन वोर्ड


# बाह्रबिसे-३ मा बिपन्न आमालाई बाख्रा वितरण तथा पोषण सम्बन्धी अन्तरक्रिया

जनतापत्र, बाह्रबिसे

सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-३ स्थित बाह्रबिसे स्वास्थ्य चौकी तथा प्रसूति केन्द्रमा आज बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत 'सुनौलो हजार दिन' अभियानका लागि बाखा पालनसम्बन्धी अन्तरक्रिया तथा बाखा वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। यो कार्यक्रम आर्थिक रुपमा कमजोर र लक्षित वर्गका परिवारहरूलाई सशक्त बनाउन र पोषण सुरक्षामा सुधार ल्याउन आयोजना गरिएको थियो।

कार्यक्रममा बिपन्न तथा लक्षित वर्गका २८ घरधुरीलाई ५८ वटा बाखा वितरण गरियो। बाखाहरु बाह्रबिसे नगरपालिकाका नगरप्रमुख बालकृष्ण बस्नेतको प्रमुख आतिथ्यतामा वितरण गरिएको थियो भने वडा नं. ३ का अध्यक्ष जीवनकुमार भण्डारी पनि कार्यक्रममा उपस्थित थिए। स्वास्थ्य, कृषि र पशु सेवा शाखाका प्राविधिक तथा स्वयंसेवकहरूले पनि सहभागी महिलाहरूसँग अन्तरक्रिया गर्दै बाखा पालनका फाइदा र पोषणका दृष्टिले यसको महत्वबारे जानकारी दिएका थिए।बाखा वितरणले महिलाहरूलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। महिलाहरूले बाखा पालनमार्फत दूध बेच्ने, मासु उत्पादन गर्ने लगायतका माध्यमबाट आम्दानी वृद्धि गर्न सक्नेछन्। साथै, यसले परिवारमा पोषण स्तर सुधार गर्ने विश्वास पनि लिइएको छ।कार्यक्रमले महिलाहरूलाई पशुपालनको आधारभूत ज्ञान, बाखा पालनका प्रविधिहरु, पोषण सुरक्षामा पशुपालनको भूमिका र स्वस्थ बाखा पालनका लागि आवश्यक उपायहरूबारे जानकारी दिन सफल भयो।

विशेषगरि गर्भवती महिला, सुत्केरी र बालबालिकाको पोषण सुरक्षामा पशुपालनले कस्तो भूमिका खेल्छ भन्ने विषयमा स्वास्थ्यकर्मीहरूले विस्तारमा छलफल गरेका थिए। सहभागी महिलाहरूले पोषण सुधारका लागि खानपानमा ध्यान दिनुपर्ने, रोगप्रतिरोधात्मक क्षमता बढाउन पोषणयुक्त आहारको महत्त्व र बालबालिका र आमाको स्वास्थ्य सम्बन्धी जानकारी पाएको बताएका छन्।

कार्यक्रममा सहभागी महिलाहरूले बाखा पालनलाई आफनो जीवनस्तर सुधार्ने मुख्य माध्यम ठानेका छन्। एकजना सहभागी शान्ति राईले भनिन्, "बाखा पालनबाट हामी आर्थिक रुपमा बलियो हुनेछौं, दूध बेचेर आम्दानी बढाउँछौं, जसले बालबालिकाको राम्रो पालनपोषण गर्न सहयोग गर्छ।"

यसरी महिलाहरूको उत्साह र सहभागिताले कार्यक्रम सफल भएको प्रष्ट देखिन्छ।बाह्रबिसे नगरप्रमुख बालकृष्ण बस्नेतले कार्यक्रममा बताउनुभयो, "सुनौलो हजार दिन अभियानले महिलाहरूको पोषण र आर्थिक स्थिति सुधार्न महत्वपूर्ण भूमिका खेलिरहेको छ। पशुपालन मार्फत महिला सशक्तिकरणमा यो कार्यक्रम प्रभावकारी बन्नेछ।"


मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

बाह्रविसे नगरपालिका
नगर कार्यपालिका कार्यालय,सि.पा